# १२ स्वर्गबाट दिइएको उत्कृष्ट उपहार, जकरिया

*__यस अध्यायको निम्ति पढ्नुहोस्:__* जकरिया ८, जकरिया ९:९, जकरिया १२:१-१२, जकरिया १३:७-९, १४, मत्ती २१:९, यूहन्ना ९:३७।

*__स्मरण गर्नुपर्ने पद:__* "त्यस दिन तिनीहरूको परमप्रभु परमेश्वरले तिनीहरूलाई उद्धार गर्नुहुनेछ। उहाँका बगालमा रहेका भेंडाहरू जस्तो तिनीहरू हुनेछन्। जसरी राजकिय मुकुटमा हिराज्वहारतहरू चम्किन्छन् त्यसरी नै उहाँको राज्यमा तिनीहरू चम्किनेछन्।" (जकरिया ९:१६ न्यु इन्टरनेशनल रिभाइज्ड भर्जन बाइबल)।

__मूल सोच:__ मसिहको बारेमा केही अचम्मका भविष्यवाणीहरू जकरियाले कोरेका छन्। ती भविष्यवाणीहरूले येशूलाई नै औंल्याउँछन् र उहाँमाथिको हाम्रो विश्वासमा तिनीहरूले समर्थन गर्दछन्।

**बाइबलको सम्पूर्ण सन्देशको मुटुमा कहिले पनि नभनेको अत्यन्त सुन्दर कथा छ।** त्यो हो हाम्रो सृष्टिकर्ता परमेश्वरको कथा। सारा स्वर्गको यश, गौरव र महिमालाई त्यागेर मानिसलाई पाप र मृत्युबाट बचाउन मानव रूप धारण गरेर उहाँको पुत्रको रूपमा येशू आउनुभयो। जकरियाको पुस्तकको बाँकी आदि भागमा धेरै यस्ता भविष्यवाणीहरू छन् जसले मसिहलाई औंल्याउँछन्। येशूको बारेमा पुरानो करारमा बताइएका ती भविष्यवाणीहरू उहाँमा पूरा भएको छ। ती भविष्यवाणीहरू अनुसार उहाँले हाम्रो निम्ति ती सबै थोक सम्पन्न गर्नुभएको थियो।

जकरियाको पालामा परमेश्वरका जनहरू सङ्कतमा परिरहेका थिए। त्यही समयमा पहिलो पल्ट ती विशेष प्रतिज्ञाहरू तिनीहरूलाई दिइएका थिए।

परमेश्वरले दिनुभएको मुक्तिको प्रतिज्ञामा नजर राखिछोड्न मानिसहरूलाई ती प्रतिज्ञाहरू दिएका थिए। ती भविष्यवाणीहरूका प्रारम्भिक अर्थहरूलाई कहिल्यै पनि वेवास्ता गर्नुहुन्न। न त ती भविष्यवाणीहरूका महत्त्वलाई विगतमा मात्र पूरा भएको भनेर तिनीहरूलाई सिमित राख्नुहुन्न। बरू ती भविष्यवाणीहरू येशूमा कसरी पूरा भयो भनेर हामी नियाल्नेछौं। जकरियामार्फत दिइएका प्रतिज्ञाहरू

केवल यहूदीहरूलाई मात्र नभएर सारा संसारको लागि पूरा भएका हुन् भन्ने तिनीहरूको सत्य अर्थको जानकारी हुनु अत्यावश्यक छ। संसारको भविष्य र अन्तिम घट्नाहरूलाई ती भविष्यवाणीहरूलाई प्रभाव पारेका छन्।

## १. "यहूदीहरूको पोशाक" (जकरिया ८)

जकरियाले आफ्नो विषयवस्तु जकरिया ८ अध्यायको सुरूदेखि परिवर्तन् गर्दछन्। त्यो ठूलो परिवर्तन थियो। संसार र परमेश्वरका जनहरूको भविष्य बताउन परमप्रभुले श्रृखलावद्धरूपमा सन्देशहरू पठाउनुहुन्छ। कतिपय अध्यायमा दिएका पदहरूलाई बुझ्न त्यत्ति सजिलो त छैन। तर भविष्यको अन्तको बारेमा दिएका वचनहरू स्पष्ट रूपमा सकारात्मक छन्।

**येशूको आमनको प्रतिक्षा रहने हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूको निम्ति जकरिया ८मा फिँजिएका नितिहरूबाट हामी के सिक्न सक्दछौं। हेरौं: १ फेरि सर्वशक्तिमान् परमप्रभुको यो वचन मकहाँ आयो। २ सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ, "सियोनको निम्ति म साह्रै डाही भएको छु। म त्यसको निम्ति डाहले जलिरहेको छु।"**

**३ परमप्रभु यसो भन्नुहुन्छ, "म फर्केर सियोनमा आउनेछु, र यरूशलेममा वास गर्नेछु। तब यरूशलेम 'सत्यको सहर भनिनेछ, र सर्वशक्तिमान् परमप्रभुको पर्वतचाहिँ 'पवित्र पर्वत भनिनेछ।" ४ परमप्रभु यसो भन्नुहुन्छ, "यरूशलेमका गल्लीहरूमा फेरि पूरा उमेर पुगेका पुरुष र स्त्रीहरू आफ्नो उमेरको कारण हातमा लौरो टेकेर बस्नेछन्। ५ सहरका गल्लीहरूचाहिँ खेल्ने केटाकेटीहरूले भरिएका हुनेछन्।" ६ सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ, "त्यस बेला यी मानिसहरूमध्येबाट बचेकाहरूलाई त्यो कुरा अचम्मको लाग्ला, तर के त्यो मेरो नजरमा पनि अचम्मको होला त?" सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। ७ सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ, "हेर, म मेरो प्रजालाई पूर्वको देश र पश्चिमको देशदेखि बचाउनेछु। ८ म तिनीहरूलाई यरूशलेममा बस्नलाई ल्याउनेछु। तिनीहरू मेरा प्रजा हुनेछन्, र म तिनीहरूका परमेश्वर भएर तिनीहरूप्रति विश्वासी र धार्मिक हुनेछु।" ९ सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ, "तिमीहरू, जसले अहिले ती अगमवक्ताहरूद्वारा भनेका वचनहरू सुन्दछौ, जो सर्वशक्तिमान् परमप्रभुका भवनको जग बसाल्दा**

त्यहाँ थिए, तिमीहरूका हातहरू बलिया होऊन् कि मन्दिरको निर्माण हुन
सकोस्। १० त्यस समयभन्दा अघि मानिस र पशुको निम्ति ज्याला
थिएन। शत्रुको कारण कुनै मानिस सुरक्षासहित आफ्नो काममा जान
सक्दैनथे, किनकि मैले सबै मानिसहरूलाई आफ्नो छिमेकीको विरुद्धमा
खड़ा गरेको थिएँ। ११ तर अब म यस प्रजाका बाँकी रहेकाहरूमाथि
अघिका दिनमा जस्तै गर्नेछैनँ," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। १२
"बीउ राम्ररी उब्जनेछ, दाखको बोटले फल दिनेछ, जमिनले त्यसको
अन्न उब्जाउनेछ, र आकाशले शीत झार्नेछ। म यस प्रजाको बाँकी
रहेका मानिसहरू यी सबै कुरा उत्तराधिकारको रूपमा दिनेछु। १३ हे
यहूदा र इस्राएल हो, जसरी तिमीहरू जाति-जातिहरूका बीचमा अभिशाप
भएका थियौ, यसरी म तिमीहरूलाई बचाउनेछु र तिमीहरू आशिष्को
कारण हुनेछौ। नडराओ, तर तिमीहरूका हात बलिया होऊन्।" १४
सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ, "जसरी तिमीहरूका पितापुर्खाले
मलाई रीस उठाउँदा तिनीहरूलाई विपत्ति ल्याउने अठोट गरेथें र मैले
पछितो गरिनँ," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। १५ "त्यसरी नै अब
यरूशलेमलाई र यहूदालाई फेरि भलाइ गर्न मैले निश्चय गरेको छु।
तिमीहरू नडराओ। १६ तिमीहरूले गर्नुपर्ने काम यिनै हुन्ः एक-अर्कासँग
साँचो बोल्ने गर, र आफ्ना न्यायालयमा सत्य र असल न्याय गर। १७
आफ्नो छिमेकीको विरुद्धमा खराब षड्यन्त्र नगर, र झूटा शपथ खान
नरुचाओ। यी सबै कुरा म घृणा गर्दछु," परमप्रभु भन्नुहुन्छ। १८ फेरि
सर्वशक्तिमान् परमप्रभुको यो वचन मकहाँ आयो। १९ सर्वशक्तिमान्
परमप्रभु यसो भन्नुहुन्छ, "चौथो, पाँचौं, सातौं र दशौं महिनामा हुने
उपवासहरू यहूदाको निम्ति रमाहट, खुशीका समय र आनन्दका चाड़हरू
हुनेछन्। यसैकारण तिमीहरू सत्य र शान्ति रुचाओ।" २०
सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ, "धेरै सहरका बासिन्दाहरू र धेरै
मानिसहरू अझै आउनेछन्, २१ र एउटा सहरका बासिन्दाहरू अर्को
सहरमा यसो भन्दै जानेछन्, 'परमप्रभुलाई बिन्ती चढ़ाउन तुरुन्त जाऔं र
सर्वशक्तिमान् परमप्रभुलाई खोजौं। म आफै पनि जानेछु। २२ धेरै
सामर्थी जातिहरू र मानिसहरू यरूशलेममा सर्वशक्तिमान् परमप्रभुको
खोजी गर्न र उहाँको निगाह प्राप्त गर्न आउनेछन्।२३ सर्वशक्तिमान्
परमप्रभु यसो भन्नुहुन्छ, "ती दिनमा सबै जाति-जातिबाट र सबै भाषा
बोल्नेहरूमध्येबाट दश जना मानिसले एउटा यहूदीलाई लुगाको छेउ

**समातेर यसो भन्नेछन्, 'हामी तपाईंसितै जानेछौं, किनभने हामीले सुनेका छौं कि परमेश्वर तपाईंसित हुनुहुन्छ।"**

येरुशलेमा सुरक्षित ठाउँ हुने परमेश्वरको योजना थियो। त्यस शहरका बाटोहरूमा वृद्ध मानिसहरू र खेलिरहने केटाकेटीहरूले भर्ने उहाँको चाहना थियो (जकरिया ८:४,५)। विदेशी सैनिकहरूले भरिरहेको शहरमा केटाकेटी र वृद्धाहरूको निम्ति सुरक्षित हुनेछ भन्ने सन्देश ती मानिसहरूको निम्ति केवल आश्वासन वा सपनामात्र थियो।

तर इस्राएल सदाको लागि रहने केवल सानो र तुच्छ राज्य भइराख्ने परमेश्वरको योजना थिएन। परमेश्वरका जनहरू चुम्बक जस्तो हुनेछ रे। यस जगतका राजा परमप्रभु परमेश्वरको उपासना गर्न तिनीहरूले सारा संसारका राष्ट्रहरूलाई आकर्षित गर्नेछ रे (जकरिया १४:९)। जकरिया ८:२३मा प्रयोग गरिएका "सारा भाषाहरू" भन्नुको अर्थ ती भविष्यवाणीहरूले विश्वव्यापी आन्दोलन ल्याउनेछ भनेको हो।

अगमवक्ता यशैयाका पालामा रहेका यशैया (यशैया २) र मीका (मीका ४)लाई जस्ता दर्शन परमेश्वरले जकरियालाई पनि देखाउनुभएको थियो। त्यो दर्शनमा त्यस दिनको बारेमा देखाइएको थियो जुन दिनमा धेरै राष्ट्र र शहरका मानिसहरू यरुशलेममा गएर परमेश्वरको उपासना गर्नेछन् र उहाँलाई आफ्नो परमप्रभु भनेर ग्रहण गर्नेछन। यहूदीहरूको प्रतिक शहर सियोन वा यरुशलेममा हुने परमेश्वरको उपस्थितिलाई सबैले मान्नेछन्। अनि जसले उहाँको उपासना गर्दछन् तिनीहरूमाथि उहाँको आशिषको प्रवाह वग्नेछन्।

येशू ख्रीष्टको सेवाकार्यद्वारा मसीहको भविष्यवाणी पूराहुदैंछन् भनेर सुसमाचारका लेखकहरू मत्ती, मर्कूस, लूका र यूहन्नाले भनेका थिए। उदाहरणमा येशू आफैले भन्नुभएको थियो, जब उहाँलाई मानिसहरूको सामू उचालिनेछ तब उहाँले "सबै मानिसहरूलाई" उहाँकहाँ बटुल्नुहुनेछ (यूहन्ना १२:३२)।

ख्रीष्टको चर्चलाई "परमेश्वरको इस्राएल" (गलाती ६:१६) भनेर सम्बोधन गरिएको छ। मानिसहरूलाई परमेश्वरको इस्राएल भन्न लगाउने लक्ष्य पूरा गर्न हामीलाई दिइएको जिम्मेवारीलाई हामीले गर्व गर्नुपर्दछ। सारा संसारमा मुक्तिको प्रकाश वा चिराग हामीले बोकेर लानुपर्दछ। त्यसो गर्नाले परमेश्वरका जनहरू सारा संसारको निम्ति महान् आशिष भएर खडा हुनेछन्।

चर्चले पुनःजागरणको चाहना गरिरहेको बेलामा परमेश्वरको अगाडि घृणित भएका कुराहरूबाट हामी कसरी पन्छिएर बस्ने? हेर्नुहोस्, माथि दिएको जकरिया ८:१६,१५।

## २. शान्तिका राजा (जकिरिया ९:९)

जकरिया ९:९मा एक उल्लेखनीय पद छः " हे सियोनकी छोरी, खूब रमाऊ। हे यरूशलेमकी छोरी, जोरसित कराऊ! हेर, तिम्रा राजा तिमीकहाँ आउँदैहुनुहुन्छ। उहाँ धर्मात्मा र मुक्तिदाता हुनुहुन्छ। उहाँ भला हुनुहुन्छ, र गधामाथि, अर्थात् गधाको बच्चा एउटा बछेड़ामाथि सवार भएर आउँदैहुनुहुन्छ।"

यस पदलाई नयाँ करारका लेखकहरूले येशूलाई नै औंल्याउनुभएको हो भनेर देहायका सुसमाचार पुस्तकका पदहरूमा उल्लेख गरेका छन्: मत्ती २१:९, मर्कूस ११:९,१०, लूका १९:३८, यूहन्ना १२:१३-१५।

भावी राजा येशू गधामा चढेर यरुशलेममा जानुभएको थियो। त्यसबेला उहाँको पक्षमा जनलहर हर्षोल्लससाथ उठेका थिए। आनन्दको चिच्याहत र हर्षोल्लासलाई बाइबलमा परमेश्वरलाई राजा मानेको उत्सवसँग गाँसिएको पाइन्छ (भजन ४७, भजन ९६, भजन ९८)। त्यस नम्र तथा भद्र शासकले धर्म, मुक्ति र अनन्तसम्म रहने शान्तिलाई उहाँको राज्यमा ल्याउनेछन्। उहाँको त्यस आदर्श राज्य सारा संसारभरि फैलिनेछ।

येशू क्रुसमा मर्नुभन्दा एक दिन अगाडि येशू विजयको उल्लाससाथ यरुशलेममा पस्नुभएको थियो। त्यसबेला धेरै मानिसहरू उहाँको तारिफ र प्रशंसा गर्दै उहाँको सँगसँगै हिँडेका थिए। कतिले त येशूले तत्कालै रोमी साम्राज्यको शक्तिलाई फँकेर परमेश्वरको राज्य यरुशलेममा स्थापना गर्नेछन् भन्ने आशाले खुशी भएका थिए। तर येशूलाई राजमुकूट पहिऱ्याउने तिनीहरूको इच्छालाई पूरा नगरी स्वइच्छाले क्रुसमा मर्नुभयो र तेस्रो दिनमा बौरिउठ्नुभयो। उहाँलाई पछ्याउने धेरै मानिसहरूलाई उहाँले निराशमा पारेको थियो भन्ने कुरामा दुईमत छैन। तिनीहरूले चक्रवर्ती योद्धा राजाको अपेक्षा गरेका थिए। तिनीहरूले अपेक्षा गरेको भन्दा विपरित तिनीहरूले पाउनेछ भन्ने कुरामा

तिनीहरूलाई कमै ज्ञान थियो। त्यो थियो येशू सम्राट हुनुको सट्टा क्रुसमा मृत्यु।

"यहूदीहरूको परम्परा अनुसार राजा कुनै शहरमा कसरी जाने भन्ने चलन येशूले मानिरहनुभएको थियो। जुन पशु वा गधा येशूले चढ्नुभयो त्यस खालको पशुमा इस्राएलका राजाहरू चढ्दथे। त्यस प्रकारले मसीहको आगमन उहाँको राज्यमा हुनेछ भनेर भविष्यवाणीहरूले उल्लेख गरेका थिए। कोहि नचढेको गधाको बच्चामा येशू बस्नासाथ विजयको उल्लास त्यस स्थानमा फैलिएको थियो। येशूलाई तिनीहरूको उद्धारकर्ता मसीह र राजा भनेर उहाँको स्वागत गरे। येशूले कहिलै पनि नखोज्नुभएको सम्मान अहिले उहाँले ग्रहण गर्नुभएको थियो। येशूलाई यरुशलेमको राजगद्दीमा बसाल्ने धोको अव पूरा भएको प्रमाण त्यस घट्नाले देखाएको उहाँका चेलाहरूले स्वीकार गरेका थिए। हर्षले भरिएको तिनीहरूको आशा अब यथार्थमा परिणत भयो भनेर तिनीहरूले बुझेका थिए। रोमी बर्बरताको शासनबाट अब मुक्त हुने बेला भयो भनेर मानिसहरूले विश्वास गरेका थिए।"-एलेन जी ह्वाइट, द डिजायर अभ एजेज्, पृ. ५७०।

**येशूको त्यो चर्तिकला देखेर भिँडहरू कत्तिको उत्साहित बनेको थियो भन्ने कुरालाई लिएर मानिसहरूले धेरै लेखेका छन्। तर भिँडले अपेक्षा गरेको अनुसार येशूले पूरा गर्नुभएन तब त्यही भिँडका अनगिन्ति मानिसहरू उहाँको विरुद्धमा उठेको थियो। कोहि खुलैरूपमा उहाँको विरोध गर्न थालेका थिए। मानिसहरूले रचेका सापति आश्वासनमा भरपर्नु कत्तिको खतरा रहेछ भनेर त्यस घट्नाले हामीलाई कसरी सिकाउँदछ? तत्कालै तपाईंको रोग निको हुन वा पापमाथि विजय पाउन तपाईंले दावी गर्दै येशूमा आउनुहुन्छ। तर तपाईंले गर्नुभएको अपेक्षा अनुसार तपाईंको इच्छा पूरा भएन रे। हामीले आशा गरेको अनुसार वा अपेक्षा गरेको अनुसार हामीहरूको इच्छा पूरा नभएतापनि परमेश्वरमाथिको विश्वासलाई हामीले कसरी विकास गर्दै लाने?**

## ३. किलाले घोचिएको प्रभु (जकरिया १२:१०)

यदि इस्राएलीहरू परमेश्वरमा निष्ठावान भएर बसेको भए तिनीहरूले धेरै सकारात्मक कुराहरूको अनुभव गर्ने थिए। प्रथमतः जुन दुष्टहरूको शक्तिले परमेश्वरको मुक्तिको योजनालाई असफल बनाउन

खोज्छ तिनीहरूमाथि उहाँले पूर्ण रूपमा विजय ल्याउन सक्नुहुन्थ्यो (जकरिया १२:१-९)। त्यस विजयको निम्ति परमेश्वरले यरुशलेमलाई परिचालन गर्नुहुन्थ्यो। तर विजय त्यसै प्राप्त हुनेथिएन। उहाँका जनहरूलाई सहायता गर्न उहाँले कदम चाल्नुभयो भनेमात्र त्यो विजय हासिल हुनसक्थ्यो। अन्तमा शत्रुलाई पूर्णरूपमा हराइन्थ्यो र त्यसलाई नाश गरिदिन्थ्यो।

परमेश्वरमा आस्थावान भएर इस्राएलीहरू बसेको भए यरूशलेमके हुन्थ्यो भनेर जकरिया १२:१०ले देखाउँछ। अनि परमेश्वरको आस्थामा चल्ने मानिसहरू के हुन्थ्यो भन्ने विषयवस्तुलाई खुलाउँदै त्यस पद अगाडि बढ्दछ। विजय पाएपछि परमेश्वरका उहाँलाई तिनीहरूको स्वामी भनेर पूर्ण रूपमा जनहरूले स्वीकार गर्दथे। अनि अगुवा र मानिसहरूमा परमेश्वरका अनुग्रहको आत्मा र आशिष खन्याइन्थ्यो। पवित्र आत्माको त्यस क्रियाकलापले मानिसहरूलाई पूर्ण रूपले पश्चातापमा डोऱ्याइन्थ्यो र त्यहाँ आत्मिक नव जागरणको सुरुवात हुन्थे। वर्तमान अवस्थामा पनि हामीले हाम्रो विश्वासीहरूलाई भित्री हृदयदेखि आफ्ना पाप तथा अधर्महरूको पश्चाताप गर र आत्मिक रूपमा पुनजागृत होऊ आह्वान गरिरहेकाछौं।

जब परमेश्वरको आत्मा उहाँका जनहरूमाथि खन्याइन्छ तब तिनीहरूले क्रुसको काठमा किलाले ठोकिएका येशूलाई हेर्नेथिए र परमेश्वरको केवल एकमात्र पुत्रको मृत्यु हुँदा तिनीहरूले शोक गर्दथे। "घोचेको" भन्ने शव्द हिब्रू भाषाको मूल अर्थ हो शारीरिक रूपमा चुटाइ खानु वा पिटाई खानु हो। त्यस शारीरिक यातनाले मानिसहरूलाई मृत्युमा पुऱ्याउन्थ्यो (गन्ती २५:८, १ शामूयल ३१:४)। जब येशू ख्रीष्ट तिनीहरूको आफ्नै पापको खातिर मर्नुभयो भन्ने आत्मज्ञानको अनुभूति ती मानिसहरूले पाउँदछन् तब तिनीहरू महान अफसोचले विह्वल हुन्थे।

**जकरिया १२:१०मा उल्लेख गरेको छ, "अनि म दाऊदको घराना र यरूशलेमका बासिन्दाहरूमाथि अनुग्रह र नम्र-निवेदन गर्ने आत्मा खन्याउनेछु। तिनीहरूले मलाई हेर्नेछन्, जसलाई तिनीहरूले घोचेका छन्, र जसरी एकमात्र छोराको लागि कोही शोक गर्दछ, त्यसरी नै तिनीहरू उनको लागि शोक गर्नेछन्, पहिले जन्मेको पुत्रको निम्ति गरेजस्तै शोक गर्नेछन्।" येशूका चेला यूहन्नाले त्यस पदलाई क्रुसमा**

टाँगिएको ख्रीष्टको बारेमा जानकारी दिन यसरी प्रयोग गर्दछन्: "३७ अनि फेरि अर्को ठाउँमा धर्मशास्त्र भन्छ, "जसलाई तिनीहरूले घोचेका छन्, तिनीहरूले उहाँलाई हेर्नेछन्।" (यूहन्ना १९:३७) र प्रकाश १:७," ७ हेर, उहाँ बादलहरूसाथ आउँदैहुनुहुन्छ, र हरेक आँखाले उहाँलाई देख्नेछ। तिनीहरूले पनि, जसले उहाँलाई घोचे, र पृथ्वीका सबै कुलहरूले उहाँको कारण विलाप गर्नेछन्। यसै होस्। आमेन।"

त्यस पदको अर्थ मसीहले अनुभव गर्ने यातनाको बारेमा औँल्याइको हो भनेर एक थरिका यहूदी धर्मगुरूहरूले वाख्या गर्छन्। तिनीहरूको वाख्या ठिक छ भनेर हामीले मान्नुपर्दछ। यशैया ५३ अध्यायको अनुसार त्यस पदले येशू र क्रुसमा भएको उहाँको मृत्युको बारेमा बताइरहेकाछन्।

"क्रुसमा येशूको मृत्यु अत्यन्त हृदयविदारक भएको हुनाले मानिसहरूलाई त्यसप्रति गहिरो दुःख व्यक्त गर्न आह्वान गर्दछ। यदि त्यस विषयमा तपाईंले गहिरो चासो देखाएर उहाँलाई ग्रहण गरे तपाईं पापबाट छुट्कारा पाउनुहुनेछ। ख्रीष्ट अत्यन्त अचम्मको हुनुहुन्छ र उहाँ अत्यन्त निर्दोष हुनुहुन्छ। तैपनि अत्यन्त यातनापूर्ण मृत्यको फन्दामा पर्नुभएको थियो। सारा संसारका युगौं युगदेखिको पापको भारि उहाँले बोक्नुभएको थियो। तर जतिसुकै सोचेतापनि वा कल्पना गरेतापनि उहाँको मृत्युको बारेमा हामीले कहिलैपनि बुझ्न सक्षम् हुँदैनौं।" एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली २, पृ. २१३बाट रूपान्तरित। केही हदमा भएतापनि तपाईंको निम्ति उहाँ मर्नुभयो र तपाईंलाई के दिनचाहनुहुन्छ भन्ने आत्मज्ञानमा तपाईं कसरी बढिरहने?

## ४. असल गोठालो (मत्ती २६:३१)

सयौं वर्षदेखि यहूदी र इसाई पाठकहरूले जकरियाको पुस्तकमा मसीहको बारेमा धेरै उदाहरणहरू भेट्टिएको पाइएकाछन्। जकरियाको पुस्तकमा औँल्याइएका विभिन्न पदहरूले येशू ख्रीष्टको जीवन र सेवाकार्यलाई सम्बोधन गर्दै उहाँ विजयी तर शान्तिमय राजा हुनुहुन्छ भनेर इसाईहरूले वाख्या गरिरहेकाछन् (जकरिया ९:९)। घोचेर क्रुसमा टाँगिएको मसीह उहाँ नै हुनुहुन्छ (जकरिया १२:१०)। पछारिएको गोठाला उहाँ नै हुनुहुन्छ (जकरिया १३:७)।

परमेश्वरको न्यायको तरवार अर्थात् दण्ड असल गोठालोको विरुद्धमा गएको दृश्य जकरियाले देखेको जकरिया १३:७-९मा उल्लेख

गरिएको छ। “अयोग्य गोठालो"को खिलाफमा तरवार उठाइएको अर्को दृश्य जकरियाले देखेका थिए (जकरिया ११:१७)। तर जकरिया १२:१०को अनुसार असल गोठालोलाई हिर्काएर पछारिएको र उनका बगालचाहिँ तितरबिततर भएको दृश्य जकरियाले देखेका थिए। परमेश्वरको जनहरूलाई  कष्ट र परिक्षाको समयतिर उहाँको मृत्युले दोऱ्याउँछन्। त्यस सङ्कटको समयमा कतिपय मानिसहरू मर्नेछन् तर परमेश्वरमा आस्थावान र निष्ठावान भएर बस्नेहरूलाई शुद्ध पार्नेछन्।

**आफूलाई क्रुसमा टाँगिने रातको अगाडि के हुनेछ भनेर येशूले भन्नुभएको वचन जकरियाको भविष्यवाणीद्वारा उदृध गर्नुभएको थियो भनेर देहायका पदहरूले देखाउँदछन्ः “तब येशूले तिनीहरूलाई भन्नुभयो, “आज राती मेरो कारणले तिमीहरू पछि हटिजानेछौ। किनभने यसो लेखिएको छ, ’म गोठालालाई प्रहार गर्नेछु, र बगालका भेड़ाहरू जतातत्तै छरपष्ट हुनेछन्।" (मत्ती २६:३१)। “ येशूले तिनीहरूलाई भन्नुभयो, “तिमीहरू सबै पछि हटिजानेछौ, किनकि यस्तो लेखिएको छ, ’म गोठालालाई प्रहार गर्नेछु, र भेड़ाहरू तितरबितर हुनेछन्।" (मर्कूस १४:२७)। जब येशू पक्राउ पर्नुभएको थियो त्यसबेला सबै चेलाहरू भागाभाग भएका थिए (मत्ती २६:५६, मर्कूस १४:५०)। येशूलाई समातिन्दा आफूहरू पनि समातिने छ भनेर तिनीहरू त्रसित भएका थिए। तर मानिसहरूको अविश्वासी आचरणको सामु परमेश्वर कत्तिको भरपर्दो र विश्वासीलो हुनुहुनुहुन्छ भनेर येशूको सन्दर्भमा पूरा भएको भविष्यवाणीले हामीलाई के सन्देश दिन्छ सो सोच्नु उत्तम देखिन्छ।**

परमेश्वर गोठालो हुनुहुन्छ भन्ने सन्देश धेरै ठाउँहरूमा बाइबलले उल्लेख गरेका छन्। उत्पत्तिको पुस्तकको सुरूदेखि (उत्पत्ति ४८:१५) प्रकाशको पुस्तकको अन्तसम्मै त्यो भावना व्यक्त गरिएको छ (प्रकाश ७:१७)। उहाँका  जनहरूलाई अगुवाई गर्ने झुठा, नकावधारी, देखावटी गोठालाहरूदेखि परमेश्वर प्रशन्न हुनहुन्न भनेर इजकिएलद्वारा परमेश्वरले भन्नुभएको थियो। हराएका भेँडाहरूको खोजनिति गर्ने र तिनीहरूलाई उहाँको बगालमा ल्याएर हेरबिचार गर्ने भनेर उहाँले प्रतिज्ञा गर्नुभएको थियो। ती शव्दहरू आफैलाई प्रयोग गरेर येशूले आफू असल गोठालो हुँ जसले भेँडाहरूको निम्ति आफ्नो ज्यान फालेको छु भनेर घोषणा गर्नुभएको थियो (यूहन्ना १०:११)।

**परमेश्वरबाट तपाईं पन्छिएको समयको बारेमा तपाईं सोच्नुहोस्। तैपनि उहाँले उहाँको सदाशयता, माया र अनुग्रह तपाईंलाई**

देखाइरहनुभएको अनुभव तपाईंले गर्नुभएको थियो? उहाँको दया र अनुग्रहको बारेमा अरूले जे भनेतापनि तपाईं के भन्नुहुन्छ?

## ५. सारा संसारको राजा (जकरिया १४)

जकरियाले के भनिरहेकाछन् सो जकरिया १४ अध्यायमा हेरौं: "१ परमप्रभुको एउटा यस्तो दिन आउँदैछ, जब तिमीहरूबाट लुटिएको लूट तिमीहरूकै बीचमा बाँड़िनेछ। २ म सबै जातिहरूलाई यरूशलेमको विरुद्ध लड़ाइँ गर्नलाई भेला गराउनेछु, र यो सहर लिइनेछ, र घरहरू लुटिनेछन्, र स्त्रीहरूलाई बलात्कार गरिनेछ। सहरको आधा भाग निर्वासन गरिनेछ, तर बाँकी रहेका मानिसहरूचाहिँ सहरबाट अलग लगिनेछैनन्। ३ तब युद्धको दिनमा लड़ाइँ गरेझैं परमप्रभु निस्केर ती जाति-जातिहरूसित लड़ाइँ गर्नुहुनेछ। ४ त्यस दिन उहाँका खुट्टाले यरूशलेमको सामु पूर्वतिर भएको जैतून डाँड़ामा टेक्नेछन्, अनि पूर्वदेखि पश्चिमसम्म जैतून डाँड़ाको बीचमा धाँदो फाट्नेछ, र त्यहाँ एउटा ठूलो खोल्सा बनिनेछ। आधा पर्वत उत्तरतिर र आधा पर्वत दक्षिणतिर छुट्टिनेछ। ५ तिमीहरू मेरो पर्वतको खोल्साबाट भएर भाग्नेछौ, किनकि त्यो आसेलसम्म फैलिनेछ। यहूदाका राजा उज्जियाहको पालोमा आएको भूकम्पमा मानिसहरू भागेझैं तिमीहरू भाग्नेछौ। तब परमप्रभु मेरा परमेश्वर उहाँका सबै पवित्र जनहरूसँग आउनुहुनेछ। ६ त्यस दिन न त उज्यालो हुनेछ, न ठन्डा हुनेछ न तुसारो पर्नेछ। ७ त्यस दिनमा रात हुनेछैन, त्यो एउटा अनौठो दिन हुनेछ— जो परमप्रभुले जान्नुहुन्छ। जब साँझ पर्छ, तब उज्यालै रहनेछ। ८ त्यस दिन यरूशलेमबाट जिउँदो पानी निस्केर आउनेछ, आधाचाहिँ पूर्वको समुद्रतिर* र आधाचाहिँ पश्चिमको समुद्रतिर* बगिनिस्कनेछ, हिउँद र वर्षामा नित्य बगिरहनेछ। ९ परमप्रभु समस्त पृथ्वीका राजा हुनुहुनेछ। त्यस दिन एकमात्र परमप्रभु हुनुहुनेछ र उहाँकै नाउँ मात्र हुनेछ। १० गेबादेखि यरूशलेमको दक्षिण रिम्मोनसम्म सारा देश अराबाजस्तै हुनेछ। तर यरूशलेमचाहिँ अल्गो बनाइनेछ, र बेन्यामीनको ढोकादेखि पहिलो ढोकाको ठाउँसम्म, कुने ढोकासम्म, र हननेलको बुर्जदेखि राजाको दाखको कोलसम्म आफ्नै ठाउँमा रहनेछ। ११ मानिसहरू त्यसमा बस्नेछन्, र त्यो फेरि कहिल्यै नाश गरिनेछैन। यरूशलेम सुरक्षित रहनेछ। १२ जत्ति जातिहरूले यरूशलेमको विरुद्धमा लड़ाइँ गरे, ती सबैलाई परमप्रभुले यस्तो महामारीद्वारा प्रहार गर्नुहुनेछः तिनीहरू आफ्ना खुट्टामा खड़ा भएर

उभिएकैमा तिनीहरूको मासु कुहेर जानेछ, तिनीहरूका आँखा तिनीहरूकै खोपिल्टामा कुहुनेछन्, र तिनीहरूका जिब्रा तिनीहरूका मुखैमा कुहिजानेछन्। १३ त्यस दिन परमप्रभुद्वारा मानिसहरूमा ठूलो त्रास आइलाग्नेछ। तिनीहरू हरेकले अर्काको हात समात्नेछ, र एउटाले अर्कालाई आक्रमण गर्नेछ। १४ यहूदाले पनि यरूशलेममा लड़ाइँ गर्नेछ। सबै वरिपरिका जातिहरूको धन-सम्पत्ति जम्मा गरिनेछ— सुन, चाँदी, लुगाफाटाहरू ठूलो परिणाममा बटुलिनेछ। १५ घोड़ाहरू, खच्चरहरू, ऊँटहरू, गधाहरू र ती छाउनीहरूमा भएका जम्मै पशुहरूलाई पनि यही किसिमको रूढ़ीले मार्नेछ। १६ तब यरूशलेमलाई आक्रमण गर्ने जाति-जातिहरूमा जत्ति बाँचेका हुन्छन्, तिनीहरू वर्षेनी सर्वशक्तिमान् परमप्रभुका महाराजालाई दण्डवत् गर्न र छाप्रो-वासको चाड़ मान्नलाई यरूशलेममा जानेछन्। १७ सर्वशक्तिमान् परमप्रभु महाराजालाई दण्डवत् गर्न पृथ्वीका सबै परिवारमध्येका जो जाँदैनन्, तिनीहरूका निम्ति पानी पर्नेछैन। १८ मिश्रदेशका मानिसहरू त्यहाँ गएनन् भने तिनीहरूका निम्ति पानी पर्नेछैन। परमप्रभुले तिनीहरूमाथि पनि त्यही रूढ़ी ल्याउनुहुनेछ, जुन रूढ़ी छाप्रो-वासको चाड़ नमान्नेमाथि परमप्रभुले प्रहार गर्नुहुन्छ। १९ मिश्रदेशमाथि र छाप्रो-वासको चाड़ मान्नलाई नजाने सबै जातिहरूमाथि पनि त्यही दण्ड पर्नेछ। २० त्यस दिन घोड़ाहरूका घण्टीहरूमा पनि 'परमप्रभुको निम्ति पवित्र÷ भनी खोपिएको हुनेछ, र परमप्रभुका भवनका भाँड़ाहरू वेदीको सामुन्ने भएका पवित्र कचौराहरूजस्तै हुनेछन्। २१ यरूशलेममा र यहूदामा भएका हरेक भाँड़ा सर्वशक्तिमान् परमप्रभुको निम्ति पवित्र ठहरिनेछ, र बलिदान चढ़ाउने सबै मानिसहरू आएर कुनै-कुनै भाँड़ा लिएर तिनमा नै पकाउनेछन्। अनि त्यस दिन सर्वशक्तिमान् परमप्रभुको भवनमा फेरि कहिल्यै एउटै कनानी पनि हुनेछैन।"

सारा विद्रोही राष्ट्रहरू यरुशलेमको खिलाफमा उठ्नेछन् भनेर जकरियाले आफ्नो पुस्तकको अन्तिम अध्यायमा वर्णन गर्दछन्। अन्तिम घडीमा परमेश्वरले उहाँका जनहरूलाई स्वतन्त्र पार्नुहुनेछ र उहाँको राज्य यस संसारमा स्थापना गर्नुहुनेछ। उहाँको खिलाफमा जानेहरू सबैको नाश हुनेछ। सारा आज्ञाकारी राष्ट्रहरू सनातन सत्य परमेश्वरको उपासना गर्नेछन्। सारा विश्वको राजा उहाँ परमप्रभु नै हुनुहुनेछ। त्यस समय केवल उहाँमात्र एक प्रभु हुनुहुनेछ र उहाँको नाउँ अरूहरूको नाउँभन्दा उचालिनेछ। महान् "म हुँ" भन्ने परमेश्वरले आफू को हो

भनेर देखाउनेछन् र उहाँ सदासर्वदा त्यस्तै गरिरहनुहुनेछ। यदि इस्राएलीहरू परमेश्वरप्रभुमा निष्ठावान भएर बसे भने उहाँले दिने अवसरहरूमा तिनीहरू सहभागी हुन पाउनेछन्। तर जब येशूको दोस्रो आगमन हुन्छ र परमेश्वरका जनहरूलाई सबै तर्फबाट उद्धार गर्नुहुनेछ तब माथि उल्लेख गरिएका वाचाहरू वृहत रूपमा पूरा हुनेछन्।

जब जकरियाले मसीहको आगमनको बारेमा वर्णन गरेका थिए तब उनले पहिलो र दोस्रो आगमनको बारेमा छुट्याएर वर्णन गरेका थिएनन्। अरू अगमवक्ताहरूले जस्तै जकरियाले पनि भविष्यमा हुने मसीहको आगमनलाई महिमित र तेजस्वीमय तरिकाले हेरेका थिए। तर ख्रीष्टको पहिलो आगमनले दुई आगमनको बीचमा के भिन्नता छ भनेर हामी हेर्नसक्दछौं। हाम्रो मुक्तिको निम्ति येशूले क्रुसमा के गर्नुभयो त्यो पनि हामी आभारित भएर हेर्नसक्दछौं। जुन बेला परमेश्वरले आफ्नो अनन्तको राज्य स्थापना गर्नुहुनेछ त्यसबेलाको निम्ति हामी खुशीले गदगद भएर उहाँको प्रतिक्षा गरेर बस्न सक्ने हुनुपर्दछ (दानियल ७:१४)।

मानिसहरूलाई सरसम्मानसाथ र सुरक्षितसाथ पुनःस्थापना गरेर गरिमामय स्थितिमा नयाँ यरूशलेमहुनेछ भनेर वाख्या गर्दै जकरियाले आफ्नो पुस्तकको अन्त गर्दछन्। मुक्ति पाएका सारा राष्ट्रहरूका जनहरू एकत्रित भएर सनातनको परमेश्वर महाराजाको उपासना गर्नेछन्। पवित्र मन्दिरको पवित्रताले यरुशलेमको सारा शहर भर्नेछ।

जब हामी सारा बाइबलको शिक्षासँग जकरियाका ती गरिमामय प्रतिज्ञाहरू पढ्दछौं तब नयाँ यरुशलेममा ती प्रतिज्ञाहरू पूरा हुनेछ भनेर हामी विश्वास गर्दछौं। परमेश्वरका जनहरू जताततैबाट आएर सदासर्वदा त्यस पवित्र शहरमा उहाँको उपासना गर्नेछन्। तर ती सबै थोक येशूको दोस्रो आगमनपछि मात्र हुनेछ। परमेश्वरले दिनुभएको मुक्ति, शदाशयता, हामीलाई दर्शाउनुभएको हित र शक्तिको प्रशंसा र स्तुति ती मानिसहरूले गाउनेछन्। जब इस्राएलीहरू इजिप्टबाट छुटकारा पाएर मरूभुमीतिर लम्किन्दै थिए, तब इजिप्टका फारो राजा तिनीहरूलाई पछ्याए। फारो र उसका लावालस्करहरूलाई देखे ती इस्राएलीहरू आतङ्कित भए। तिनीहरूको अगाडि लाल समुद्र थियो। परमेश्वरले त्यस समुद्रलाई फटाएर ती इस्राएलीहरूलाई पार गराउनुभयो। त्यसबेला फारो र उसका सैनिकहरूले पनि ती इस्राएलीहरूलाइ पछ्याउने क्रममा सुक्खा समुद्रको बाटोमा पसे। तर जब इस्राएलीहरू समुद्र पार गरे तब

त्यस समुद्र फेर जोडियो र इस्राएलीहरूलाई आतङ्कित बनाउने इजिप्टका सम्राटका फौजहरूलाई डुवाए। त्यो देखेर इस्राएलीहरू अत्यन्त भावविभोर भएर गीत गाएका थिए जसलाई सागरको गीत भनिन्छ। त्यस गीतको अन्तमा भन्छ,"परमप्रभु परमेश्वरले सदासर्वदा राज गर्नुहुनेछ।" (प्रस्थान १५:१८)। यस संसारको पनि नसोचिएको बेलामा उल्लेखनीय रूपमा अन्त हुनेछ। विगतका सबै अगमवक्ता र विश्वासी जनहरू त्यस अन्तिम घट्नाको निम्ति धिरजसाथ पर्खिरहेका थिए। त्यस घट्ना कुनै काल्पनितक नभएर यथार्थ नै हो भनेर तिनीहरूले अपेक्षा गरेकाथिए।

**पाप, अधर्म, मृत्यु, शोक, हारिएको र क्षति खप्नुपरेको जीवनबिनाको नयाँ स्वर्ग र नयाँ पृथ्वी मुक्ति पाएकाहरूले पाउनेछन् भन्ने गरिमापय प्रतिज्ञालाई गहिरिएर सोच्नुहोस्। त्यस आशा तपाईंमा किन छ? दैनिक जीवनमा होस्, डर दुःख र शङ्कटको समयमा नै किन नहोस् हाम्रो निम्ति साँची राखेका ती आदर्श जीवनलाई सम्झिरहँदा तपाईंको मनस्थितिलाई कसरी प्रभाव पार्न सक्दछ?**

## उपसंहारः

**थप जानकारीः** "परमेश्वरको चर्च दुष्टसँगको लामो लडाईंमा अन्धकारमय सुरुङ्गभित्र पस्नेछ। तर त्यस समयको निम्ति परमेश्वरले साँचिराख्नुभएको अनन्तको लक्ष्य तिनीहरूलाई खुलासा गरिएको छ। वर्तमान दुःखकष्ट संघर्ष भन्दापनि माथि उक्लेर भविष्यका विजयहरूलाई देखाउने अनुमती परमेश्वरले आफ्ना भक्तजनहरूलाई दिइएको छ। त्यसबेला सारा युद्धको अन्त्य हुनेछ र मुक्तिपाएका जनहरूले आशाको राज्य वा प्रतिज्ञा गरिएको भूमीमा रहन पाउनेछन् रे। वर्तमान चर्चले भविष्यको त्यस महिमित दर्शनलाई प्यारो भनी मनमा राखीराख्नुपर्दछ। सारा युगहरूको युद्ध द्रुतगतिले समाप्त हुँदैछ। र परमेश्वरले प्रतिज्ञा गर्नुभएका आशिषहरू हामीले छिटै पाउनेछौं.....

"स्वर्गको व्यवस्था बाहेक अरू कुनै व्यवस्थाहरू सारा राष्ट्रका मुक्तिपाएका जनहरूले थाहा पाउनेछन्। सबै जना खुशी हुनेछन्। परिवारका प्रीयजनहरू फेरि जोडिनेछन्। तिनीहरूले धन्यवाद र प्रशंसाका पोशाकहरू लगाउनेछन्। जब परमेश्वर र ख्रीष्ट एक भएर यो घोषणा गर्नेछन् तब सारा जगतका परमेश्वरका जनहरू हर्षोल्लाससाथ चिच्याउनेछन्, 'अब पाप कहिलै पनि हुनेछैन, मृत्यु पनि त्यहाँ कहिलै

हुने छैन।'" -एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ७२२, ७३२,७३३बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. हाम्रो संसारमा सजिलोसँग रहन विभिन्न मानिसहरूले धेरै धेरै प्रयास गरे र गरिरहेकाछन्। यद्यपि, यस संसार अधोगतिको रूपमा चलिरहेकाछन्। अत्यन्त खराबले निरन्तरता पाइरहेकाछन्। हामीले चाहना गरेका स्वर्गिय जीवन केवल त्यसबेलामात्र पूरा हुनेछन् जब ख्रीष्ट यस संसारमा फेरि आउनुहुनेछ र यस संसारालाई नयाँ बनाउनुहुनेछ। यो बाइबलको वचन हो। भविष्यमा मात्र हुने त्यस आदर्शमय संसार भएतापनि वर्तमान संसारमा हामी जतिसक्यो त्यति आशावादी, शान्त्वनामय, चङ्गाई र शान्तिमय जीवनको लागि प्रयास गरिराख्ने हाम्रो धर्म किन हुनुपर्दछ?

आ. कतिपय पुराना करारका अगमवक्ताहरूले येशूको आगमनलाई एउटामात्र घट्ना दुईवटा होइन भनेर हामीले पाँचौं अंशमा हेरेकाथियौं। पहिलो आगमन र दोस्रो आगमनको बीचमा कतिको घनिष्टता छ भनेर त्यसले हामीलाई कसरी बताइरहेको छ? त्यस्तो किन भयो? येशू बालक भएर जन्मनु भएन भने उहाँको दोस्रो आगमन पनि किन हुँदैन? फेर दोस्रो आगमनबिना उहाँको पहिलो आगमनको औचित्यपनि किन छैन?

इ. पवित्र आत्मा हाम्रो जीवनमा पनि खनियोस भन्ने चाहनालाई तयार हुन जकरियाको पुस्तकको अध्ययनले हामीलाई कसरी सघाउँछ?